## पोलियो थोपा

पोलियो थोपा खुवाउनु ठिक अघि वा खुवाएको लगतै बच्चालाई आमाको दुध खुवाउनु हुन्छ । आमाको दूध खुवाउँदा बच्चालाई कुनै बिगार गर्दैन ।

## बच्चालाई खोप

खोप लगाइसकेपछि बच्चालाई हल्का ज्वरो आउन सक्छ र सुई लगाएको ठाउँमा अलिअलि दुख्न पनि सक्छ । यो सामान्य कुरा हो तर खोप लगाएपछि बच्चालाई धेरै ज्वरो आयो वा सुई लगाएको ठाउँ पाक्यो भने उसलाई तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा वा स्वास्थ्यकर्मीसँग जँचाउन लैजानुपर्दछ । तर बि.सि.जी. लगाएको ठाउँमा हल्का पाक्नु पर्दछ ।

## आमालाई धनुष्टंकार (टिटानस) को सुई

सबै गर्भवती वा बच्चा पाउने उमेरका महिलाहरुले धनुष्टंकार (टिटानस) विरुद्धको खोप लगाउनुपर्दछ । धनुष्टंकार रोग असुरक्षित ठाउँमा सुत्केरी गराउँदा आमा र बच्चा दुवैलाई लाग्न सक्दछ भने फोहोर वा खिया लागेको औजारले बच्चाको नाल काटेमा वा नालको घाउ सफा नराखेमा नवजात शिशुलाई धनुष्टंकार रोग लाग्नसक्छ । धनुष्टंकार एक खतरनाक रोग हो । यो रोग लागेका आमा तथा नवजात शिशुको कष्टकर रुपमा मृत्यु हुन्छ ।

## खोप कार्ड र यसको आवश्यकता

बच्चालाई पहिलो खोप दिंदा स्वास्थ्यकर्मीले खोपको साथै खोप कार्ड उपलब्ध गराउँदछन् । खोप कार्डले बच्चालाई लगाएको खोपको अभिलेख जनाउँदछ । स्कुल भर्ना गर्दा, विदेश भ्रमण गर्दा र निरोगिताको प्रमाणका रुपमा समेत यसको महत्व भएकाले यसलाई अभिभावकले सुरक्षित रुपले राखिराख्नु आवश्यक छ ।


आम्दा-नेपाल

पो.ब.नं.: ८९०९, जोरपाटी-४, काठमाडौं

फोन नं.: (+९७७-१)-४९१०२३५/४९१११४०

फ्याक्स: (+९७७-१)-४९१११४१

इ-मेल: amda@healthnet.org.np

www.amda.org.np


# खोप




**पाँच पल्टमा सबै खोपको मात्रा पुरा गरौं**

*बच्चाहरुलाई जन्मेको एक वर्षभित्र पुरा खोपहरु लगाएमा सात किसिमका घातक रोगहरुबाट बचाउन सकिन्छ ।*

*अपाङ्गता भएका र कुपोषित बच्चालाई पनि खोप लगाउनु हुन्छ । सबै बच्चालाई सम्पूर्ण खोपको मात्रा पूरा गरौं, बाल मृत्यूदर घटाऔं ।*

## परिचय

खोप भनेको रोग लाग्नबाट बचाउन पहिला नै औषधि दिई शरीरको रोगसँग लड्ने शक्ति बढाउनु हो । कुनै खोप १ मात्रा दिइन्छ भने कुनै खोप तीन मात्रासम्म दिइन्छ । बच्चालाई खोप लगाउनाले उसलाई सात प्रकारका संक्रामक रोगहरु लाग्नबाट बचाउन सकिन्छ । ती रोगहरु हुन्:

- बाल्यकालमा हुने क्षयरोग
- भ्यागुते रोग
- लहरे खोकी
- धनुष्टंकार
- हेपाटाइटिस-बी
- पोलियो
- दादुरा

## खोपको आवश्यकता

खोप लगाएर बच्चालाई सात किसिमका रोगहरुबाट बचाउन सकिन्छ । बि.सि.जी. खोपले बच्चालाई बाल्यकालमा हुने क्षयरोगबाट बचाउँछ । डि.पि.टी. हेपाटाइटिस-बी खोपले बच्चालाई भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार र हेपाटाइटिस-बी चार किसिमका रोगहरु हुनबाट बचाउँछ । पोलियो थोपाले बच्चालाई पोलियो हुनबाट बचाउँछ । दादुराविरुद्धको खोपले बच्चालाई दादुरा रोग लाग्नबाट बचाउँछ । बच्चालाई जन्मिएको एक बर्ष पुग्नुअघि नै पूरा मात्रामा खोप लगाइदिएमा यी सबै रोगहरु लाग्नबाट बचाउन सकिन्छ ।

समयमै खोपहरु नलगाएको खण्डमा बच्चालाई माथि उल्लेख गरिएको सात किसिमका रोगहरु लाग्न सक्ने धेरै सम्भावना हुन्छ । यी रोग लागेमा बच्चाको ज्यानसमेत जानसक्छ वा अपांग हुने सम्भावना रहन्छ ।

खोप नलाएको बच्चाले अरु बच्चाहरुलाई समेत रोग सार्न सक्दछ । त्यसैले छिमेकी, साथीभाइ तथा नातेदारहरुले पनि आफ्नो बच्चालाई पूरा मात्रामा खोप दिएका छैनन् भने उनीहरुलाई पनि खोप लगाउन प्रेरित गर्नुपर्छ ।

## खोप तालिका

**खोप तालिका**

| कुन खोप लगाउने ? | कहिले लगाउने ? | यसले कुन-कुन रोगबाट बचाउँछ ? |
|---|---|---|
| बि.सि.जी. | बच्चा जन्मने बित्तिकै वा जन्मेको एक बर्षभित्र | क्षयरोग |
| डि.पि.टी हेपाटाइटिस-बी र पोलियो | ६ हप्ता (डेढ महिना) को उमेरमा (पहिलो मात्रा)<br>१० हप्ता (अढाइ महिना) को उमेरमा (दोस्रो मात्रा)<br>१४ हप्ता (साढे तीन महिना) को उमेरमा (तेस्रो मात्रा) | भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार, हेपाटाइटिस-बी र पोलियो |
| दादुरा खोप | ९ महिनाको उमेर पूरा भएपछि | दादुरा |

AMDA-2007 Dec

बच्चालाई बि.सि.जी. खोप जन्मने बित्तिकै वा सकेसम्म छिटो एक बर्ष भित्रमा स्वास्थ्य कार्यकर्ता/स्वास्थ्य संस्थासँगको पहिलो भेटमा दिनुपर्दछ । डि.पि.टी. हेपाटाइटिस-बी र पोलियोका खोप डेढ महिना (छ हप्ता) भएपछि ४/४ हप्ताको अन्तरालमा तीन पटक दिनुपर्दछ । यी खोपहरुको पहिलो मात्रा बच्चा ६ हप्ताको हुँदा, दोस्रो मात्रा १० हप्ताको हुँदा र तेश्रो मात्रा १४ हप्ताको हुँदा लगाउनु पर्दछ । बच्चा नौ महिना पूरा भएपछि दादुराको खोप एक पटक लगाउनु पर्छ ।

तोकिएको समयमा खोप लगाउन बिर्सियो भने अर्को पटक खोप दिन लगाउनु पर्दछ, अनि पछिको तालिका अनुसार खोप लगाउँदै जानुपर्छ । यसरी एउटा खोप छुट्दैमा बच्चालाई फेरी सुरुदेखि नै खोप दिइरहनु पर्दैन । तर, तीनपटक लगाउने खोप, जस्तै डि.पि.टि., पोलियो र हेपाटाइटिस-बी खोपको मात्रा ४/४ हप्ताको अन्तराल अघि लगाउनु हुँदैन ।

## अपाङ्ग वा कुपोषण भएको बच्चालाई खोप

खोप सबै बच्चाहरुलाई दिनुपर्छ, चाहे ती कुपोषण भएका वा अपांग बच्चाहरु हुन् । वास्तवमा भन्ने हो भने कुपोषित बच्चालाई खोप लगाउनु त झनै महत्वपूर्ण हुन्छ । यस्ता बच्चाहरुलाई अरु बच्चाहरुलाई भन्दा बढी रोगहरुले सताउन सक्दछन् । तसर्थ, उनीहरुलाई यस्ता रोगहरुको विरुद्ध खोप लगाउनु ज्यादै आवश्यक छ । जन्मदै अपाङ्ग भएको वा अरु किसिमको रोगबाट पिडित बच्चालाई पनि खोप दिनुपर्दछ । साथै कुपोषणको पनि उपचार गर्नुपर्दछ ।